# १३ येशूभक्तको जीवनशैली

<u>*यस अध्यायका मूल अध्यायहरू :*</u> रोमी १४-१६

<u>*स्मरण गर्नुपर्ने पद:*</u> **"तिम्रो विश्वासी दाजुभाइ वा दिदीबहिनीको इन्साफ वा आलोचना गर्ने तिमी को हौ त? तिनीहरूलाई किन हेपाहा दृष्टीले हेर्ने? याद गर, हामी सबै जना एक दिन येशूको न्यायको सिंहासन सामु खडा हुनेछौं। (रोमी १४:१० रूपान्तरित)**

अब हामी रोमीको पुस्तकको अध्ययनको अन्तिमा भागमा आइपुगेका छौं। यही पुस्तकबाट इसाई सुधारवादी आन्दोलनको जन्मभएको थियो। अरू कुनै भन्दा यही किताबले मात्र हामीलाई यो देखाउनु पर्छ कि हामी सेभेन्थ डे एडभेन्टिस्ट पनि किन सुधारवादी वा प्रोटेस्टेन्ट इसाईमतमा छौं र त्यसैमा किन रहिरहनुपर्छ। प्रोटेस्टेन्ट वा सुधारवादी इसाई अर्थात् रोमन क्याथोलिक चर्चको अन्तर्गत नरहेकाहरू र हामी विशेष गरेर एडभेन्टिस्टहरूको अस्तित्वको मूल आधार नै सोला स्क्रिपचरा (*Sola Scriptura)* हो। त्यसको अर्थ हामीहरूको विश्वासलाई जोख्ने तराजु केवल बाइबलमात्र हो। मुक्ति भनेको विश्वासको आधारमा मात्र पाइन्छ भन्ने महान् सत्य आत्मज्ञान हामीहरूको आत्मिक पूर्खाले शताब्दियौंअघि बाइबलबाट नै आइएका हुन् भनेर हामीले सिक्यौं। त्यसले गर्दा सुधारवादी इसाईहरूको सम्बन्ध पोपको आधिपत्यमा रहेको रोमन क्याथोलिक चर्चबाट टुटेको थियो। कुनै धर्मकर्म होइन विश्वासकै आधारमा मात्र मुक्ति पाइन्छ भन्ने शिक्षा रोमीको पुस्तकमा पावलले अत्यन्त प्रभावकारी रूपमा व्यक्त गरेका थिए। एक दिन पावल र सिलासलाई एउटा शहरका मानिसहरूले आक्रमण गरेर तिनीहरूलाई झ्यालखानामा कुटेर थुनेका थिए। त्यस रात त्यस ठाउँमा भूकम्प गयो र जेलको मूर्तिपूजक हाकिम अत्यन्त बिचल्ली भएर अब सबै बन्दीहरू भागे होलान् भनेर तरवारले सेरिएर आत्महत्या गर्न लागेको थियो। त्यसबेला पावलले देखेर ठूलो स्वरले उनलाई त्यसो नगर भनेर रोके। जब त्यस हाकिम कोही बन्दी पनि नभागेको र पावलको अनुहार देखेपछि उनको अघि घुँडा टेकेर जुन् प्रश्न उनलाई गरेका थिए त्यही प्रश्न नै सबै

अध्ययनको सार हुनसक्छ। उनले सोधेका थिए, "मैले मुक्ति पाउन के गर्नुपर्छ?" (प्रेरित १६:३० रूपान्तरित)।

रोमीको पुस्तकमा हामीले त्यसको जवाफ पाउँछौं। त्यो जवाफ लुथरको समयमा कुनै पनि चर्चले दिएको थिएन। त्यसले गर्दा प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूको आन्दोलनको जन्म भयो, र हामी पनि त्यही बाटोमा हिँडिरहेका छौं।

रोमीको पुस्तकको अध्ययनको अन्तिम भागमा पावलले अरू विषयबस्तुहरूलाई जोडेको हामी हेर्नेछौं। सायद तिनीहरू रोमीको पुस्तकको मूल विषयबस्तु नहोलान्, तर पावलको निम्ति तिनीहरू महत्त्वपूर्ण भएकोले नै उक्त पत्रमा उनी उल्लेख गर्दछन्। ती थप बिषयबस्तुहरू पनि बाइबलमै समाबेश भएकोले तिनीहरू पनि पवित्र धर्मशास्त्रको भाग हुन् भनेर हामी मान्दछौं।

पावलले यस रोमीको पुस्तक वा पत्रलाई कसरी अन्त्य गरे, उनले के लेखे र त्यसमा हामीहरूको निम्ति सत्य आत्मज्ञानहरू के छन् जुन पावलको निम्ति मात्र होइन हाम्रा प्रोटेस्टेन्ट पुर्खाहरूको निम्ति पनि आवश्यक भएको महसुस गरेका थिए।

## १. कमजोर भाइ

रोमी १४:१-३मा लेखिएको छः “विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर, तर उसले मानेको सिद्धान्त वा मतसम्वन्धी कुरामा बादविवाद गर्नलाई होइन। कसैले सबै थोक खानुहुन्छ भनी विश्वास गर्छ, तर विश्वासमा कमजोर हुनेले चाहिँ सागसब्जी मात्र खान्छ। खानेले नखानेलाई तुच्छ नठानोस, नखानेले खानेलाई दोष नलगाओस्, किनभने परमेश्वरले त्यसलाई ग्रहण गर्नुभएको छ।" यसमा देवीदेवताहरूलाई चढाएको मासु वा अन्य प्रसाद खानुहुन्छ कि हुन्न भन्ने विषयमा गरेको प्रश्नलाई औंल्याएको पाउँछौं। येशूको चेला याकूबको संयोजकत्वमा बसेको यरूशलेम परिषदले येशूका अन्याजाति वा यहूदी विश्वासीहरूलाई मूर्तिलाई चढाएको खाना खानुहुन्न भनेर निर्देशन दिइएको थियो (प्रेरित १५)। तर एउटा प्रश्न त कौतुहलकै वियय थियो (नेपाली परिप्रेक्ष्यमा त झन जारी नै छ): “के बजारमा बेचेको मासु देवतालाई बलि चढाएको मासु हो (र त्यो खानुहुन्छ कि हुँदैन)? (१ कोरिन्थी १९:२५ पढ्नुहोस्)। कतिपय इसाईहरूले त्यस बिषयमा खासै ध्यान दिएका थिएनन्

किनभने त्यो साधारण कुरा थियो। अरूले अलिकति पनि शङ्का भए देवतालाई चढाएको मासु खानुहुन्न त्यसकारण शाकाहारी नै बनौं भनेर सागसब्जीमात्र खान थालेका थिए। यहाँ प्रस्तूत गरिएको विषयबस्तुचाहिँ शाकाहारी, मांसाहारी तथा स्वस्थ जीवनशैलीको बारेमा थिएन। लेबि व्यवस्थामा छुट्याइएका शुद्ध जनावरको मासु र अशुद्ध जनावरको मासुको व्यवस्थालाई हटाइएको छ भन्ने सोच पावलले दिन खोजेको होइन। कुन मासु खानु हुन्छ कुन मासु खानु हुँदैन भन्ने कुरालाई पावलले ध्यानै दिएका थिएनन्। मानौं कसैले "उसले सबै थोक खानुहुन्छ" भनेको रोमी १४:२को अर्थ शुद्ध र अशुद्ध मासु जे खाएपनि हुन्छ भनेर भनेका थिए रे? तर पावलले शुद्ध र अशुद्धको प्रसङ्गलाई औंल्याएकै होइनन्। यदि हो भने यो पावलको सोचलाई गलत सम्झेको हुन्छ। फेरि यही प्रसङ्गलाई नयाँ करारको अरूपदहरूसँग तुलना गर्दा पावलको भनाइलाई मानिसहरूले गलत सम्झेको प्रमाणित गर्दछ।

यसै बीचमा विश्वासमा कमजोर भएको कुनै भाइ वा बहिनीलाई ग्रहण गर्नुको अर्थ त्यस व्यक्तिलाई चर्चमा पूर्ण सम्मानका साथ सदस्य बनाएर ग्रहण गर्नु हो। यसको अर्थ त्यस ब्यक्तिसँग वादविवाद गर्ने होइन तर उसको बिचारलाई व्यक्त गर्ने अधिकार दिनुपर्छ।

**पावलले रोमी १४:१-३मा लेखेका कुराहरूमा कुन नीति हामीले अपनाउनुपर्छ? हेर्नुहोस्: " १ विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर, तर उसको मतसम्बन्धी कुरामा वाद-विवाद गर्नलाई होइन। २ कसैले सबै थोक खान हुन्छ भनी विश्वास गर्छ, तर विश्वासमा कमजोर हुनेले चाहिँ सागसब्जी मात्र खान्छ। ३ खानेले नखाने मानिसलाई तुच्छ नठानोस्, र नखानेले खानेलाई दोष नलगाओस्। किनभने परमेश्वरले त्यसलाई ग्रहण गर्नुभएको छ।"**

पद ३मा विश्वासमा कमजोर भएको व्यक्तिको बारेमा नकारात्मक रूपमा पावलले सोचेको छैन भन्ने कुरालाई बुझ्नु पनि महत्वपूर्ण छ। त्यस व्यक्तिलाई उनले विश्वासमा कसरी बलियो हुनुपर्छ भनेर अर्ती दिन खोजेको होइन। एक इसाईले अर्को इसाईलाई आलोचना गरेपनि त्यस इसाईलाई परमेश्वरले ग्रहण गरेकै हुन्छ भनेर पावलले आफ्नो भनाइ व्यक्त गर्दछन्। उनी भन्छन्: "परमेश्वरले उसलाई ग्रहण गरेको हुन्छ।"

**रोमी १४:४मा माथि छलफल गरिएको विषयलाई यस पदले तपाईंलाई कसरी प्रष्ट पार्न खोजेको छ? हेर्नुहोस्: " अर्काको चाकरलाई इन्साफ गर्ने तिमी**

को हौ? त्यो त आफ्नै मालिकको सामु खड़ा हुन्छ वा पतित हुन्छ। त्यो खड़ा गराइनेछ, किनभने, त्यसका मालिकले त्यसलाई खड़ा गराउन सक्छ।"

यस बुँदामा औँल्याएका नीतिहरूलाई मनमा राख्न आवश्यक छ भनी हामीले मान्नुपर्दछ। तर यस्तो कुनै समय र स्थान छैन र जब हामीले सरासर विश्वासीको हृदय र काममा हस्तक्षेप गर्नु अनिवार्य हुनआउँछ? यस्तो परिस्थितमा के हामी पछाडि बसेर केहि नगरिकन बस्ने? यशैया ५६:१०ले चर्चको अगुवाहरूको बारेमा भन्छन्, "लाटो कुकुरले भुक्न सक्दैन।" कहिले बोल्ने र कहिले चुप लाग्ने, कसरी थाहा पाउने? यस्तो परिस्थितिमा हामीले हामीहरूको इसाई जीवनलाई कसरी जोखेर राख्ने?

## २. परमेश्वरको न्यायको आशनको सामु

अरू भन्दा आफू असल वा धर्मात्मा छु भनेर देखाउन अरूको आलोचना र न्याय गर्न हामी मानिस जातिको बानी वा संस्कार नै हो तर पावलले त्यस मामिलामा हामी होसियार किन हुनुपर्छ भनेर रोमी १४:१०मा कसरी देखाउँछन्? हेर्नुहोस्: " रोमी १४:१०मा मानिसको आलोचना वा इन्साफ गर्न हामी किन होसियार हुनुपर्छ भनेर पावलले भनेका छन्? हेर्नुहोस्: "तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं।"

हामीले कतिपटक हतार हतारमा अरूको बारेमा कठोर निर्णय अर्थात् इन्साफ गर्छौं। प्रायजसो हामीले गरेको त्यही कामलाई लुकाएर अरूले गरेकोमा आलोचना गर्छौं। फेरि कतिसमय त हामीले गरेको काम अरूको जस्तो नराम्रो छैन भनेर ढुक्क पनि हुन्छौं। हामी पाखण्डीको लुगालगाएर आफूले आफैलाई नै धोका दिनसक्छौं। तर परमेश्वरलाई धोका दिन सक्दैनौं। अरूलाई हामी मूर्ख बनाऔँला तर परमेश्वरलाई हामी सक्दैनौं। प्रभु येशूले हामीलाई यो चेतावनी दिनुहुन्छः "अरूको न्याय नगर ताकि तिमीहरूको पनि न्याय नगरोस्। तिमीले अरूलाई कसरी न्याय गर्छौं अरूबाट पनि त्यसै गरेर तिम्रो न्याय गरिनेछ। जसरी तिमीले अरूलाई जोख्छौ त्यसरी नै तिमीलाई पनि जोखिनेछ।तिमीले आफ्नो साथीको आँखामा भएको काठको अलिकति धुलो देख्छौ होला। तर तिम्रो आँखामा भएको काठको मुढालाई ध्यान दिँदैनौं। तिम्रो साथीलाई यो कसरी भन्ने, "तिमीमा भएको काठको कसिङ्गरलाई मलाई

निकाल्नु दिनु।?" जब तिम्रै आँखामा काठको मुढा झुन्डिएको छ भने साथीको आँखामा भएको कसिङ्गरलाई कसरी निकाल्ने?" (मत्ती ७:१-४ रूपान्तरित)।

**पावलले रोमी १४:११मा उतारेको पुरानो करारको भविष्यवक्ता यशैयाको भनाइलाई हामीले कसरी महत्वपूर्ण ठान्नुपर्दछ? हेर्नुहोस्: "किनकि लेखिएको छ, "प्रभु भन्नुहुन्छ, 'जस्तो म जीवित छु, प्रत्येक घुँड़ा मेरो सामने टेकिनेछ, र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ'।"**

यशैया ४५:२३बाट निकालिएको पदले यो भन्छ: हामी सबैजना परमेश्वरको न्यायआशनमा भेला हुनेछौं। "हरेक घुँडा" र "हरेक जिब्रो"को अर्थ प्रत्येक मानिसले न्यायको सामना गर्नुपर्नेछ। हरेक मानिसले आ-आफ्नै लेखा जोखा दिनेछन् भनेर रोमी १४:१२मा उल्लेख गरिएको छ। यसको अर्थ हाम्रो प्रत्येक काम र जीवनको लेखाजोखा हामीले नै दिनुपर्दछ। अर्कोको लागि अरूले बोल्न सक्दैन। यसको अर्थ यो हो अरूको जवाफदेहि हामी छैनौं। असली रूपमा भन्ने हो भने मेरो भाइको रखबाली गर्ने काम मेरो होइन न त हामीले कसैको विवेकको जिम्मा नै लिएकाछौं।

**यो विषयवस्तुलाई मनमा राखेर रोमी १४:१४मा पावलले भनेको अर्थलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्: "म जान्दछु, र प्रभु येशूमा मलाई निश्चय छ, कि कुनै कुरा पनि आफैमा अशुद्ध हुँदैन, तर जसले त्यो अशुद्ध ठान्छ, त्यसको निम्ति त्यो अशुद्धै हुन्छ।"**

यहाँ उल्लेख गरिएको विषयवस्तु फेरि पनि मूर्तिलाई चढाएको प्रसादको बारेमा हो। शुद्ध र अशुद्ध खानेकुराको बारेमा छलफल गरिएको छैन। मूर्तिहरूलाई चढाएको खाना खास गरेर खानु गलत होइन भनेर पावलले यहाँ भनिरहेको पाउँछौं। मूर्ति अर्थात् देवीदेवताहरू के हो त, आखिरमा? तिनीहरु केहि पनि होइन ("यसकारण मूर्तिहरूलाई चढ़ाएका खानेकुरा खाने विषयमा चाहिँ हामी जान्दछौं, कि मूर्तिको कुनै अस्तित्व वा मूल्य मान्यता नै छैन, र एक परमेश्वरबाहेक अरू छैन।"१ कोरिन्थी ८:४)। त्यसकारण कसैले कुनै सर्प, गाई, भ्यागुता वा साँढे आदिलाई चढाएको खाना खाँदा के हुन्छ र?

तर कसैले कसैको विवेकलाई टुत्र्याउने अधिकार छैन। चाहे त्यो विवेक वा चेतना जतिसुकै संवेदनशील किन नहोस्। तर त्यस समयका चर्चका बलिया विश्वासीहरूमा ती कुरालाई स्पष्ट रूपमा बुझेका थिएनन्। तिनीहरूले

कमजोर भाइहरूलाई छिःछि दुरदुर गरेका थिए। यसले गर्दा तिनीहरू कमजोर विश्‍वासीहरूसामु तगारो बनेका थिए।

के तपाईं पनि परमेश्‍वरको नाउँमा जोशिलो हुँदा पावलको चेतावनी अनुसार तपाईं पनि त्यही खतरामा पर्नुभएको त छैन? जतिसुकै हामीहरूको नियत असलै भएतापनि अरूको निम्ति चेतना वा विवेक नहुन हामी कस्तो सतर्क हुनुपर्छ?

## ३. कसैको चित्त नदुखाउने

रोमी १४:१५-२३ र १ कोरन्थी ८:१२,१३ पढेर पावलले के भन्न खोजिरहेका छन् त्यसको बारेमा सोच्नुहोस्। पावलले ती पदहरूमा व्यक्त गरेका नीतिहरू हाम्रो जीवनका सबै पक्षहरूमा लागु कसरी गर्ने? हेर्नुहोस्ः "१५ यदि तिमीले जे खान्छौ त्यस कुराले तिम्रो भाइलाई चोट पार्छ भने, तिमी प्रेममा चलेका हुँदैनौ। जुन भाइको निम्ति ख्रीष्ट मर्नुभयो, तिमीले खाएको कुराबाट उसको नाश नहोस्। १६ यसैकारण तिमीलाई जे असल लाग्छ त्यसलाई अरूले खराब भन्न नदेओ। १७ किनभने परमेश्‍वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो। १८ जसले यस किसिमले ख्रीष्टको सेवा गर्दछ, त्यो परमेश्‍वरलाई मन पर्ने र मानिसहरूबाट असल ठहरिएको हुन्छ। १९ यसैले हामी ती कुराहरूको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ। २० खानेकुराको खातिर परमेश्‍वरको कामलाई नष्ट नगर। वास्तवमा सबै कुरा शुद्ध छन्, तर आफूले खाएको कुराले अरूलाई बाधा पार्नु अनुचित हो। २१ उचित त यो हुन्छ, कि मासु नखानु, मद्यपान नगर्नु, तथा कुनै यस्तो काम नगर्नु जसद्वारा तिम्रो भाइलाई बाधा हुन्छ। २२ तिमीमा भएको विश्‍वास परमेश्‍वर र तिम्रो बीचमा राख। धन्यको हो त्यो मानिस, जसले आफूले उचित ठहराएका कुराको कारणले आफैलाई दोषी ठहराउनुपर्दैन। २३ तर कसैले शङ्का गरेर केही खायो भने त्यो दोषी ठहर्छ, किनकि उसले विश्‍वाससाथ खाएको छैन। विश्‍वासबाट उत्पन्न नभएको कुनै पनि कुरा पाप हो। रोमी १४:१५-२३ र "१२ अब यसरी आफ्ना भाइहरूका विरुद्धमा पाप गर्दा र तिनीहरूका दुर्बल विवेकलाई चोट लाउँदा तिमीहरू ख्रीष्टको विरुद्धमा पाप गर्दछौ। १३ यसकारण यदि खानेकुरा मेरो भाइकै पतनको कारण बन्छ भने म कहिले पनि मासु खानेछैनँ, नत्रता मैले मेरो भाइको पतन गराउनेछु।" १ कोरिन्थी ८:१२-१३।

इसाई आस्थाका विभिन्न पक्षहरूलाई पावलले पद १७-२०लाई उचित ठाउँमा राखेको पाउँछौं। खाना महत्वपूर्ण विषय हो। तर बजारमा बेचेका मासुहरू देवतालाई चढाएको हो भन्दै अरूले खाएकोमा बिबाद गर्नु र सागसब्जीमात्र खानुपर्छ भनेर कर गर्नु इसाई भनाउँदाहरूलाई सुहाउँदैन। बरू, धार्मिकता, शान्ति र पवित्र आत्मामा हुने आनन्दमा इसाईहरूको ध्यान हुनुपर्दछ। तर हाम्रो चर्चले सन्तुलित र मासुरहित खानालाई प्रोत्साहन गर्दछ। के पावलको उक्त कथनले स्वस्थ रहन साकाहारी खानाको खाने अभियानलाई असहमत जनाउँदछ र? सुस्वास्थ्यको सन्देश र खाना सम्वन्धी शिक्षाहरू हाम्रोलागि अत्यन्त हितकर छन् भन्नुमा कसैको असहमति त रहँदैन। तर एउटा कुरालाई याद राख्नुपर्दछः सबै मानिसहरूले र सबै संस्कारहरूले हाम्रो सन्देशलाई एकैनासले बुझ्न सक्छ भन्ने छैन। अरूहरूको भिन्न जीवनशैलीलाई हामीले सम्मान् गर्नुपर्दछ।

**रोमी १४:२२मा प्रत्येक मानिसको आ-आफ्नै विवेक हुन्छ भनेर चर्चा गरिएको छ। तर पावलले चेतावनीस्वरूप एउटा रोचक कुरालाई जोडेको पाउँछौंः "जुनकुरालाई अनुमति दिएको छ त्यस कुराको अनुसरण गर्दा दोषी अनुभव नगर्नेहरू धन्यका हुन्" (रूपान्तरित)। यसमा हामीलाई के सतर्कता देखाइएको छ? यस सन्दर्भमा पावलले सिकाइरहेका अरू कुरालाई कसरी सन्तुलन राख्छ?**

के कसैले यस्तो भनेको कुरा सुन्नुभएको छ, "म जे गर्छु, जे खान्छु, जे लाउँछु र जे रमाइलो गर्छु त्यो मेरो आफ्नै इच्छाको कुरो हो। कसैसँग सरोकार छैन।"? के यो सत्य हो त? हामी कोही पनि खाली ठाउँमा बस्दैनौं वा एक्लै बस्दैनौं। बिलायतका प्रख्यात कवि जोन डनले भनेका थिएः "कोहि मानिसपनि टापु होइन।" यस उदगारलाई मध्य नजर राख्दा हाम्रा कामहरू, हाम्रा जीवनशैली, हामीले बोलेका वचनहरू र हामीले खाने खानाहरू पनि चाहे असल होस् चाहे खराब होस् कुनै न कुनै रूपमा अरूलाई असर गरेको हुन्छ। यो बुझ्न त्यस्तो कठिन छैन। तपाईंप्रति उच्च भावना भएको मानिसले केहि नराम्रो काम तपाईंले गरेको देख्यो भने तपाईंको उदाहरणले उसलाई असर पार्छ नै। त्यत्तिमात्र होइन उसले पनि तपाईंको अनुसरण गर्न हिचकिचाउँछ। हामी येशूभक्त त भन्छौं तर हामीले दुई थरी जीवन बितायौं भने हामीले आफूले आफैलाई धोका दिइरहेका हुन्छौं। यस्तो चालचलनले हामी आफैलाई मूर्ख बनाउँछौं। अरूले तपाईंको अनुसरण गरेर नराम्रो बाटोमा लाग्दा तपाईंले

कर गरेको होइन भन्न मिल्दैन। यस खालको तर्क गर्ने आफ्नै ठाउँ होला। येशूलाई विश्वास गर्नु हाम्रो अवसर हो भने त्यसलाई आत्मसात् गरेर अरूप्रति संवेदनशील हुनु हाम्रो उत्तरदायित्व हो। यदि हाम्रो कारणले कोहि नराम्रो बाटोमा लाग्छ भने, त्यसको जिम्मेवारी हामीले नै लिनुपर्दछ।

**तपाईंको जीवनशैली कस्तो छ? के तपाईं युवाहरू वा नयाँ विश्वासीहरूको निम्ति उदाहरणीय बन्नु भएको छ? तपाईंको सबै क्षेत्रहरूमा अरूले पनि अनुसरण गरे के तपाईंलाई सहज लाग्न सक्छ? तपाईंको जवाफले तपाईंको बारेमा के भन्छ?**

## ४. पालना गर्नुपर्ने विशेष दिनहरू

हामीले सोचेको भन्दा भिन्नै तरिकाले सोच्ने मानिसहरूलाई हामीले आलोचना वा इन्साफ गर्नुहुन्न भनेर पावलले गरेको छलफललाई अघि बढाउँदै जाँदैछौं। विशेष दिनलाई कसैले पालन गर्ने र अरूले पालन नगर्ने विषयमा पावलले चर्चा गर्दछन्।

**रोमी १४:४-१०मा पावलले भनिरहेका कुराहरुलाई कसरी बुझ्ने? यसको अर्थ के चौथो आज्ञाको औचित्यको बारेमा पावलले भनिरहेका छन् त? यदि छैन भने, किन छैन? हेर्नुहोस्: "४ अर्काको चाकरलाई इन्साफ गर्ने तिमी को हौ? त्यो त आफ्नै मालिकको सामु खड़ा हुन्छ वा पतित हुन्छ। त्यो खड़ा गराइनेछ, किनभने, त्यसका मालिकले त्यसलाई खड़ा गराउन सक्छ। ५ कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढ़ी महत्त्वको मान्छ, अर्को मानिसले सबै दिनलाई समान ठान्छ। हरेक मानिस आफ्नै मनमा पूर्ण रूपले निश्चित हुनुपर्छ। ६ जुन व्यक्तिले कुनै दिनलाई विशेष रूपले पालन गर्छ, त्यसले प्रभुको आदरको निम्ति पालन गर्छ। जुन व्यक्तिले खान्छ, त्यसले प्रभुको निम्ति खान्छ, किनकि त्यसले परमेश्वरलाई धन्यवाद दिन्छ। जुन व्यक्तिले खाँदैन, त्यसले परमेश्वरको आदरको निम्ति खाँदैन र परमेश्वरलाई धन्यवाद दिन्छ। ७ हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौं र कोही पनि आफ्नै निम्ति मर्दैनौं। ८ यदि हामी बाँच्छौं भने प्रभुकै निम्ति बाँच्छौं, र मर्छौं भने प्रभुकै निम्ति मर्छौं। ९ चाहे हामी बाँचौं, चाहे मरौं, हामी प्रभुकै हौं। यसैको निम्ति ख्रीष्ट मर्नुभयो र फेरि जीवित हुनुभयो, कि उहाँ मरेकाहरू र जीवितहरू दुवैका प्रभु होऊन्। १० तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं।"**

आफूले मानेका दिनको बारेमा चर्चा गर्दा पावलले कुन दिनहरूको बारेमा चर्चा गरिरहेका छन्? सुरूको  चर्चमा विषेश चाडवाड दिनहरूको कुरा लिएर के गम्भीर विवाद चलेको थियो त? थियो। गलाती ४:९,१०मा दिनको विषयमा लिएर केहि विवाद भएको सङ्केत हामी पाउँछौं। गलातीका इसाईहरूले परम्परादेखि चलिआएको भनि धार्मिक दिन, महिना, तिथि, चाडबाड र वर्षहरूलाई पालन गरेको देखेर पावलले तिनीहरूलाई हप्काएका थिए। यस पुस्तकको दुई अध्यायमा हामीले हेर्‍यौं कि कसरी यहूदी इसाईहरूले गैर-यहूदी गलातीको इसाईहरूले मोशाको निर्देशनअनुसार खतना र अरू विधिहरू पालन गर्नुपर्छ भनेर उक्साइरहेका थिए। यहि विवादले रोमको चर्चमा पनि विभाजन ल्याउला भन्ने पावलको डर थियो। यहूदी पर्वहरू मान्नु अव आवश्यक छैन भन्ने कुरालाई स्वीकार गर्न रोममा रहेको यहूदी इसाईहरूलाई गाऱ्हो भएको थियो। पावलले तिनीहरूलाई भनिरहेका थिए, “यस विषयमा तिमीहरूलाई नै जे गर्न मनलाग्छ गर। तर तिमीहरू भन्दा फरक बिचार राख्ने विश्‍वासीहरूको तिमीहरूले आलोचना नगर र तिनीहरूको न्याय नगर।" कुनै कुनै इसाईहरूले यहूदी इसाईहरूलाई मनाउन एक अथवा वढि यहूदी पर्व मनाउन निर्णय गरेका थिए। त्यस्तोलाई पावलले सल्लाह दिन्छन्, “यदि तिनीहरूको बिवेकले मान्नुपर्छ भने मानोस।"

तर रोमी १४:५लाई आधार मानेर साप्ताहिक साबथको बारेमा पावलले छलफल गरेका हुन् भन्ने कुराको कुनै अर्थ देखिँदैन। चौथो आज्ञाको बारेमा पावलले वेवास्ता गरेको भन्नु नै अकल्पनीय कुरो हो। परमेश्‍वरको व्यवस्था वा दश आज्ञा मान्नु पावलको निम्ति कस्तो महत्वपूर्ण विषय रहेछ भनेर अध्ययनको शिलशिलामा यस पुस्तकमा हेर्‍यौं।तर दुःखपूर्ण कुरो त यो छ, धेरै इसाईहरूले यी पदहरूलाई देखाएर सातौं दिन पवित्र मान्नु पर्ने कुरालाई अस्वीकार गरेको पाइन्छ। मूर्तिलाई चढाएको खानेकुराहरू खानु हुन्न भनेर विश्‍वास गर्नेहरूको निम्ति साबथलाई त्यही तहमा पावलले राखेको पाइँदैन।  उनीहरूले भन्छन्, “हेर, पावलकै भनाइमा कुनै दिन अव पवित्र मान्नुपर्दैन।" तर ती पदहरूले साबथको बारेमा केहि पनि भनेको छैन। ती मानिसहरूले पावलको भनाइलाई कसरी गलत तरिकाले प्रयोग गर्दा रहेछन् भनेर पत्रुसले गरेको चेतावनीको एक नमुनामात्र होः “पावलले त्यहि तरिकाले आफ्ना सबै पत्रहरू लेखेकाछन्। मैले भर्खरै जे भनें त्यसैलाई पुष्टि गर्न पावलले लेख्दछन्। हो, उनले लेखेका कतिपय कुराहरू बुझ्न कठिन छन्।

जो मानिस परमेश्वरको ज्ञानमा र विश्वासमा अडिग छैन उसले पावलको कुरालाई बङग्याउँछ। पावलको मात्र होइन अरू पवित्र धर्मशास्त्रहरूलाई पनि बङग्याउँछ। यो काम आफ्नै बिनाशको निम्ति तिनीहरूले गर्दछन्।" (२ पत्रुस ३:१६ रूपान्तरित)।

**साबथको बारेमा तपाईंको अनुभव के छ? के त्यो दिन तपाईंको निम्ति आशिषमय भएको छ वा अभिशाप भएको छ? साबथलाई अर्थपूर्ण बनाउन के कुरामा परिवर्तन ल्याउनुपर्दछ?**

## ५. अन्तिम वचनहरू

**रोमी १५:१-३मा एक महत्वपूर्ण इसाई सत्यतालाई देखाएकोछः "विश्वाससाथ दन्हिला हुने हामीले आफैलाई मात्र खुशी पार्ने इच्छा नराखेर दुर्वल मानिसहरूका कमजोरीलाई सहनुपर्छ। हामी प्रत्येकले आफ्नो छिमेकीको आत्मिक सुधार होस् भनेर तिनको भलाईको लागि तिनलाई प्रसन्न राखौं। किनकि खीष्टले पनि आफैलाई प्रसन्न पार्नुभएन। यसो लेखिएको छ, "तपाईंलाई निन्दा गर्नेहरूको निन्दा ममाथि पऱ्यो।" येशूभक्त हुनुभनेको के रहेछ भनेर उपरोक्त पदहरूमा भएका धेरै धारणाहरूले कसरी जनाउँछन्? अझ महत्वपूर्ण कुरो त, तपाईं पनि पावलका अरू नीतिहरूमा उल्लेखित जीवनशैली अपनाएर असल उदाहरण कसरी बन्ने?**

**जब पावलले आफ्नो पत्रलाई अन्त्य गर्दछन् तर उनले के विविध आशिषहरूको उच्चारण गरेका छन्? हेर्नुहोस्: रोमी १५:५, ६, १३, ३३। हेर्नुहोस्: "५ स्थिरता र उत्साहका परमेश्वरले तिमीहरूलाई खीष्ट येशूसँग एक भएर एक-अर्कासँग एक चित्तका भई जिउन देऊन्, ६ कि एकै मनका भएर एउटै सोरले हाम्रा प्रभु येशू खीष्टका परमेश्वर र पिताको महिमा तिमीहरूले गर्न सक।...१३ आशाका परमेश्वरले तिमीहरूलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदेऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरू आशामा प्रशस्त हुन सकोस्।...३३ शान्तिका परमेश्वर तिमीहरू सबैसँग रहून्। आमेन।"**

स्थिरता अर्थात् धैर्यका र उत्साहका परमेश्वरको अर्थ उहाँले आफ्ना जनहरूलाई विश्वासमा निरन्तररूपमा अटल राख्न सहयोग गर्नुहुन्छ भन्ने जनाउँछ। "धिरज" भन्ने शब्द हुपोमन hupmoneबाट आएको हो। यसको अर्थ सहनशीलता वा अटल, चिरस्थायी हो। उत्साह दिने भनेको शब्दलाई शान्त्वना

दिने भनेर उल्था गरेपनि हुन्छ। उत्साह दिने परमेश्वर उहाँ हुनुहुन्छ जसले हामीलाई उत्साह दिनुहुन्छ। आशाको परमेश्वर उहाँ हो जसले मानिसहरूलाई आशा दिनुहुन्छ। त्यसरी नै शान्तिका परमेश्वर उहाँ परमेश्वर नै हुनुहुन्छ जसले हामीलाई शान्ति दिनुहुन्छ र मानिसहरूले उहाँमा शान्ति पाउछन्।

**व्यक्तिगत रूपमा धेरै अभिवादनहरू पछि पावलले रोमीको पुस्तकलाई कसरी अन्त्य गराउँछन्? हेर्नुहोस्: रोमी १६:२५-२७ "२५ तर अब सन्तहरूलाई सहायता पुऱ्याउन म यरूशलेमतिर जाँदैछु। २६ किनकि यरूशलेममा हुने सन्तहरूमा जो गरीब छन्, तिनीहरूका निम्ति माकेडोनिया र अखैयाका मण्डलीहरूले केही भेटी दिएका छन्। २७ यो भेटी यिनीहरूले खुशीसाथ जम्मा गरेका थिए, र साँच्चै नै यिनीहरू तिनीहरूका ऋणी पनि छन्। किनकि यदि अन्यजातिहरू तिनीहरूका आत्मिक आशिष्हरूमा सहभागी भएका छन् भने, यिनीहरूले पनि सांसारिक आशिषहरूद्वारा तिनीहरूको सेवा गर्नुपर्छ।"**

तेजस्वीमय परमेश्वरप्रभुको प्रशंसा गर्दै पावलले आफ्नो पत्रलाई अन्त्य गर्दछन्। रोमका इसाईहरू र संसारका सम्पूर्ण इसाईहरूले आफ्ना भरोसा सुरक्षितसाथ परमेश्वरमा राख्नसक्छन्। यसो गर्दा परमेश्वरका छोराछोरीहरूका निम्ति आरक्षित स्थानमा बस्न पाउने अवसरलाई समर्थन गरेको जनाउँछ। तिनीहरू अव विश्वासद्वारा धर्मी ठहरिएको र पवित्र आत्माद्वारा डोऱ्याइएको जन हुन् भनेर प्रमाणित गर्दछ।

हामीलाई थाहा छ कि यो रोमीको पत्र विशेष समयको निम्ति विशेष स्थानमा भएको समस्यालाई समाधान गराउन परमेश्वरले पावललाई लेखाउनुभएको थियो। तर भविष्यको बारेमा परमेश्वरले पावललाई के के प्रकट गर्नुभएको थियो त्यो सबै हामीलाई थाहा छैन।

हो, पतित वा पतन हुनेको बारेमा (२ थेस्सोलिनिकी २:३) पावललाई थाहा थियो तर कति थाहा थियो सो उपरोक्त पदले भन्दैन। युगको अन्तमा हुने घट्नाहरूमा उनको पत्र विशेष गरेर रोमीको पत्रले कस्तो भूमिका खेल्ने छ भन्ने कुरा उनलाई थाहा थियो कि थिएन सो हामीलाई थाहा छैन। तर खास गरेर भन्ने हो भने त्यसको परवाह छैन। तर उनकै पत्रमा लेखेका पदहरूले गर्दा सुधारवादी इसाईहरूको उदय भएको थियो भन्ने कुरा हामीलाई थाहा छ।  साथै जो मानिसहरू येशूलाई विश्वास गरेर जीइरहन चाहन्छ त्यसको निम्ति तिनीहरूको विश्वास र समर्पणताको आधार बाइबलमा पूरा पाइन्छ भन्ने कुरामा कसैको दुईमत छैन। सारा संसार शैतानले खटाएको

पशुको पछि लागेतापनि (प्रकाश १३:३) परमेश्वरको वचनमा रहिरह्यो भने कोही पनि त्यसको पासोमा पर्नु आवश्यक छैन।

## उपसंहारः-

थप जानकारी पढ्नुहोस्: एलेन जी ह्वाइटद्वारा लिखित, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५ को, पृ. ४७७,४७८मा उल्लेखित "युनिटी एण्ड लभ इन द चर्च," ६०४-६०६ पृष्ठको, लभ फर द अरिङ्ग," *द मिनिस्त्रि अभ हिलिङ्ग* पृ. १६६, "हेल्पिङ्ग द टेम्टेड" र *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. ७१९।

एलेन जी ह्वाइटले आफूले पाएको दर्शनलाई वर्णन गर्दै भन्छिन्: "परमेश्वरका जनहरूले दाजु र दिदी ह्वाइटसँग सहायता माग्नु कत्तिको खतरापूर्ण छ भनेर मलाई देखाइएको थियो। आफ्ना समस्या वा वोझहरू बोकेर उनीहरूकहाँ आएर सल्लाह लिनुपर्छ भनेर तिनीहरूले सोच्दछन्। यस्तो हुनुहुँदैन। ती थकित,बोझ र समस्याले लादिएकहरूलाई दयालु, प्रेमी र स्नेही मुक्तिदाताकहाँ आउन उहाँले आह्वान गर्नुहुन्छ। येशूले तिनीहरूको बोझलाई हलुका पार्नुहुन्छ। धेरै प्रश्नहरू लिएर धेरै मानिसहरू हामीकहाँ आउँछन्: के म यो गरूँ? के त्यस व्यापारमा म समावेस होउँ? के यो लुगा लगाउँ वा नलगाउँ वा कसरी लगाउँ? आदि। म तिनीहरूलाई यसरी जवाफ दिन्छु: तिमीहरू येशूभक्त हौ भनेर दावी गर्दछौ। तिमीहरूले बाइबल अध्ययन गर्नुपर्छ। आफ्नो उद्धारकर्ता यस संसारमा रहँदा अपनाएको जीवनशैलीलाई सोचबिचार र प्रार्थनापूर्वक पढ। मानिसहरूको बीचमा उहाँ रहनुहुँदा उहाँको आचरण कस्तो थियो? उहाँको नमुना अनुसार चल्नुपर्छ। तिमीहरू आफ्नो साँघुरो बाटोबाट बिचलित हुनेछैनौ। तिमीहरूको विवेक हुन हामी स्वीकार गर्दैनौं। यदि हामीले तिमीलाई यसो गर्नुपर्छ भनेर सल्लाह दियौं भने तिमीहरू सिधै येशूकहाँ जानुको सट्टा हामीकहाँ अगुवाईको निम्ति आउनेछौ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. ११८,११९।

"हामीले वहनगर्नु पर्ने जिम्मेवारी अरूमाथि हामीले थुपार्नुहुँदैन। हाम्रो कर्तव्य हामीले नै निर्वाह गर्नुपर्दछ। फेरि अरूले हामीलाई के गर्नुपर्छ भनेर भन्ला भनेर पनि पर्खनु हुँदैन। मानिसहरूको सरसल्लाहमा हामी भरपर्नुहुँदैन। जसरी अरूलाई परमेश्वरले काम गर्न खटाउनुहुन्छ त्यसरी नै हामीलाई पनि काम गर्न खटाउनुहुन्छ।... केहि नगरिकन बस्ने निर्णय गर्ने मानिसहरूदेखि परमेश्वर प्रसन्न हुनुहुन्न। जब तिनीहरू परमेश्वरकहाँ आफूलाई सुम्पँदै

आउँछन् तब, तिनीहरूले के गर्नुपर्छ भनेर परमेश्वरको इच्छा तिनीहरूले थाहा पाउनेछन्।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ६६८बाट रूपान्तरित।

"चर्चसँग सरोकार नराखी अत्यन्त स्वतन्त्ररूपमा चल्छु भन्नेहरूको कमी कहिल्यै भएको छैन। चर्चबाट अलग भएर बस्ने भावनाले तिनीहरूमा धेरै आत्मगौरब हुनसक्छ। अरूभन्दा हामी असल छौं भन्ने अहम् भावनाको धरापमा पर्न सक्छन्। अनि आफ्नै विवेकमा चल्न धेरैलाई उक्साइएको हुन्छन्। के ठीक के वेठीक भन्ने कुरालाई आफैले मात्र निर्णय गर्ने सम्भावना हुन्छ। चर्चको अनुभवी र आदरणीय सदस्यहरूको सरसल्लाह र इन्साफको सम्मान नगरि तिनीहरू आफ्नै लिँडे ढिप्पीमा चलेको महसुस गर्न असमर्थ हुन्छन् ।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टलस्, पृ. १६३,१६४बाट रूपान्तरित।

**चिन्तनमननः**

यस अध्यायमा छलफल गरिएका बिपयबस्तुहरूलाई ध्यानमा राखेर इसाईहरूले सन्तुलित जीवन कसरी अपनाउने, सो बारे सोच्नुहोस्ः

१. हामीले विश्वास गरेको कुरामा व्यक्तिगत रूपमा निष्ठावान हुनु तर हामी भन्दा फरक सोचाइ राख्ने अरू मानिसहरूको आलोचना र इन्साफ नगर्ने।

२. आफ्नो विवेकप्रति आफै बफादारी हुने तर अरूको विवेकको ठेक्काचाहीँ नलिने। तर परमेश्वरको इच्छा अनुसार नचल्ने मानिसहरूप्रति हाम्रो भूमिका के हुन्छ त्यो बिचार गर्नुहोस्। कहिले हामी बोल्नुहुन्छ, र कहिले हामी चुपचाप बस्नुपर्छ यदि हामी चुपचाप बस्यौं भने हामीले आफ्नो जिम्मेवारी कहिले वहन गर्ने त? सोच्नुहोस्।

३. परमेश्वरमा हामी स्वतन्त्र त छौं, तर त्यस स्वतन्त्रताको नाउँमा अरूको विश्वासमा आँच नपुऱ्याउन हामी असल उदाहरण बन्नुपर्ने कुरामा संवेदनशील हुनुपर्छ। अरूले हाम्रो बारेमा उच्चरूपमा सोच्दछन्, त्यसमा दुईमत छैन तर हाम्रो जीवनशैली हामीले दावी वा प्रचार गरेको अनुसार चलाएनौं भने परमेश्वरको निम्ति हामी कोशे ढुँगा हुनुको साटो ठेस खाने ढुँगा हुनसक्छौं। यस्तो कुरामा ख्याल गरेर चल्नु प्रत्येक येशूभक्तको धर्म हो।

कथा १३

# बुबा पूरै परिवर्तन हुनुहुन्छ

## डिमित्री कोस्टाश र उहाँकी छोरी आन्जिला

**आन्जिलाः** मेरो नाउँ आन्जिला हो। म १८ वर्षकी भएँ। मेरा बाबुआमा र १४ वर्षको भाइसँग बस्छु। हामी उत्तरी मोल्दोभाको सानो सहरमा बस्छौं। मेरो बुबा डिमित्री हुनुहुन्छ। उहाँ मसँग सधैं रिसाउनुहुन्थ्यो।

**डिमित्रीः** नमस्ते। मैले सङ्गीत सिकाउनको निम्ति तालिम पाएको थिएँ। सिकाउने काम मैले नपाएको हुनाले एक जना मालिकको तलाऊ रेखदेख गर्ने काम गर्छु। माछालाई खवाउने र अरू मानिसहरू माछा मार्न आउन नदिने मेरो काम हो।

**आन्जिलाः** जब म १२ वर्षकी थिएँ तब एक दिन सेभेन्थ-डे एडभेन्टिस्ट महिला हाम्रो घरमा आइन् र मेरो ८ वर्षको भाइ र मलाई चर्चमा जान निम्तो दिइन्। एक वर्षसम्म हाम्रो आमाले प्रत्येक साबथ चर्चमा लानुभयो। तर मेरा हजुरबा र हजुरआमाले एडभेन्टिस्ट चर्चमा गएको मन पराउनु भएन। उहाँहरूले, "सबैले हामीलाई गिल्ला गरिरहेका छन्। यो त बेइज्जत नै भयो!" भन्नुभयो।

आमाले बुबालाई पनि चर्चमा जान अनुरोध गर्नुभयो तर उहाँको बुबाआमाको डरले जानुभएन। उहाँले धेरै बहानाहरू निकाल्नुभयोः

**डिमित्रीः** मेरो धेरै कामहरू छन्। परमेश्वरको निम्ति मेरो समय छैन। घरको मर्मत सकेपछि मेरो समय होला र अनि परमेश्वरलाई र चर्चलाई समय दिन सक्छु।

**आन्जिलाः** त्यसपछि हामीहरूको केही कुरा भएन। चर्चको बारेमा कुराले गर्दा बुबा दिक्क मान्नुभयो। अनि कसैलाई पनि चर्चमा पठाउनुभएन।

जुन महिला हामीलाई चर्चमा जान पहिला आएकी थिइन् उनी आइरहिन् र चर्चमा जान अनुरोध गर्दै रहिन् तर हामी गएनौ।

धेरै महिनापछि बुबाले घरको मर्मत सिध्याउनुभयो र भन्नुभयोः

**डमित्रीः** बल्ल काम सकियो। अब मलाई फुर्सद भयो।

**आन्जिलाः** तर उहाँले परमेश्वरको निम्ति समय दिनुभएन। चर्चमा जाने प्रतिज्ञा पनि राख्नुभएन।

अनि एक दिन अचम्मको कुरो मेरो बुबालाई हुन थाल्यो। उहाँ एक्लै घर बस्न डराउन थाल्नुभयो। उहाँ बेलाबेलामा ब्याकुल बन्नुहुन्थ्यो र चिच्याउन हुन्थ्यो। उहाँको ब्लड प्रेसर हाइ भयो। उहाँ डाक्टरकहाँ जानुभयो जसले उहाँलाई औषधी दिनुभयो। तर त्यसले उहाँलाई सञ्चो पारेन। डाक्टरले पनि उहाँलाई के गर्ने सो थाहा पाउनुभएन।

अनि मेरी हजुर आमाले बुबालाई नजिकको इसाई गुम्बामा जान सल्लाह दिइन्। त्यहाँको पादरीले केही सहायता गर्न सक्छ होला र बुबाको केही कुराहरू सोध्नु छ भने पनि उक्त पादरीले जवाफ दिनुहुनेछ। अनि मेरो बुबा इसाई गुम्बाको पादरीकहाँ जानुभयो। त्यसले पनि उहाँलाई सञ्चो भएन।

आफूलाई के भएको हो सो थाहा पाउन बुबा यताउति चाहार्न थाल्नुभयो। जीवनको बारेमा उहाँले मानिसहरूसँग सोधपूछ गर्न थाल्नुभयो। एक जना मानिससँग जो उहाँ कुरा गर्दै हुनुहुन्थ्यो उनी एडभेन्टिस्ट चर्चको एल्डर थिए र बुबालाई चर्चमा आउन आग्रह गरे। अनि कुराकानी पछि चर्चमा जाने निम्तो स्वीकार गर्नुभयो। चर्चमा बिदाको बेलामा भएको कार्यक्रमा जान उहाँ राजी हुनुभयो। घरमा आएर मेरी आमालाई त्यो कुरा सुनाउनुभयो।

**डमित्रीः** म चर्चको कार्यक्रममा गएँ। त्यसबाट म धेरै प्रभावित भएँ। जब म घर फर्कें मैले मेरी श्रीमतीलाई भनें हामी सँगै चर्च जान थालौं।

**आन्जिलाः** आमा अत्यन्त चकित हुनुभयो तर चर्च जाने भन्दा उहाँ अत्यन्त खुशी हुनुभयो। म पनि खुशी भएँ। मैले भन्ठाने मैले सपना देखिरहेको छु।

अर्को हप्ता हामी चर्च जान थाल्यौं र त्यहाँदेखि हामी चर्च जान रोकिएका छैनौं।

**डमित्रीः** आन्जिला, एउटा कुरा तिमीलाई थाहा छैन। चर्चमा जाने निर्णय गर्नुभन्दा अघि मैले प्रार्थना गर्न थालेको थिएँ। रिसाउनु र डराउनु मलाई मन पर्दैनथ्यो। तर मेरो जीवन खतम भएको जस्तो अनुभव मैले गरेको थिएँ। जिएर केही फाइदा नभएको जस्तो मलाई लागेको थियो। कसैले मलाई थिचिरहेको जस्तो मलाई लागेको थियो। मलाई थाहा भयो कि शैतानले मलाई दुःख दिइरहेको छ र उसले मलाई मार्न चाहन्छ।

तब एकदिन मैले घुँडा टेकें र प्रार्थना गरें। परमेश्वरले मात्र मलाई सहयोग गर्न सक्नुहुन्छ भन्ने कुरा मलाई थाहा थियो। मैले यसरी प्रार्थना गरेंः "म पापी छु। मलाई सहायता गर्नुहोस्। मलाई थाहा छैन मेरो जीवनमा के भइरहेको छ। तपाईंको बलियो हातले मलाई सम्हाल्नु होस्।" जब प्रार्थना

गरिसकें तब ममाथि भएको बोझ हटेको जस्तो अनुभव भयो। एउटा आवाजले मेरो चेतनामा कराइरहेको जस्तो लाग्यो, "तिमीले अघि बढ्नुपर्छ, तिमी ठीक हुनेछौ। म तिमीलाई सहयता गर्छु।"

**आन्जिलाः** हामी परिवारसहित सबै जना चर्चमा गयौं। पास्टरले बप्तिस्माको कक्षा लिनको निम्ति अनुरोध गर्नुभयो। हामी सबै जना-मेरो बुबा, मेरी आमा, मेरो भाइ र मैले गत सालमा बप्तिस्मा लियौं।

हजुरबा र हजुर आमा हामीहरूको निर्णयप्रति खुशी हुनुभएन। मलाई र मेरो भाइलाई कर गरेर सबै जना चर्चमा जान थालेको भनेर उहाँहरूले भन्नुहुन्छ। मेरा बाबुआमालाई मेरी हजुरआमाले भन्नुभयो, “तिमीले हाम्रा नानीहरूको बेइज्जत गऱ्यौ। तिनीहरू साना सानै छन् र तिनीहरूको जीवन धेरै छ। अब तिनीहरू नाच्न र रमाइलो गर्न सक्दैनन्। तिनीहरूको बिहेबारी कसरी हुन्छ होला?"

मैले उनलाई भनें कि नाच्नु र बिबाह गर्नु जीवनको प्रमुख भाग होइन। हामीले हजुरआमा र हजुरबालाई चर्चमा आउन आग्रह गऱ्यौं तर उहाँहरू मान्नुभएको छैन।

परमेश्वरले मेरो बुबाको जीवनमा अचम्मको काम गर्नुभएकोले म परमेश्वरलाई धन्यवाद दिन्छु। मेरो बुबा पूर्णरूपमा परिवर्तन हुनुभयो। उहाँ ब्याकुल हुनुभएको छैन र केहीको चिन्ता लिनुहुन्न। उहाँ पहिलेको जस्तो हुनुहुन्न। उहाँले परमेश्वरलाई माया गर्नुहुन्छ र चर्चमा डिकनको काम गर्नुहुन्छ। हाम्रो सानो चर्चमा उहाँ सङ्गीत निर्देशक हुनुहुन्छ।

**डमित्रीः** म र मेरा परिवारले सोभियत सँघमा एक स्वास्थ्य भवनमा बप्तिस्मा लियौं। अहिले त्यसलाई एडभेन्टिस्ट चर्चले पाथफाइन्डर क्लब र कन्फरेन्सको केन्द्र बनाएको छ। तपाईंको भेटीले त्यस भवनको मर्मत र संभारको निम्ति सहयोग मिल्नेछ।